भर्मोन्ट बाल तथा परिवार विभाग (DCF) बालबालिकाको सुरक्षा तथा परिवारहरूको सुदृढीकरणको लागि जिम्मेवार छ।

हाम्रो पारिवारिक सेवा डिभिजन (FSD) ले बालबालिका तथा युवाहरूका निम्न कुराहरू सुनिश्चित गर्न परिवार तथा अन्य निकायसँग सहकार्य गर्दछ:

- उनीहरू हिंसाबाट सुरक्षित छन् भन्ने कुरा सुनिश्चित गर्न
- उनीहरू सुरक्षित र स्वस्थ ठाउँमा बसोबास गर्छन् भन्ने कुरा सुनिश्चित गर्न
- उनीहरूले पर्याप्त खाना, लत्ताकपडा, बासस्थान र स्वास्थ्यसेवा प्राप्त गरेका छन् भन्ने कुरा सुनिश्चित गर्न

## FSD ले मेरो परिवारलाई किन सम्पर्क गर्‍यो ?

हामीले तपाईंको बालबच्चाको सुरक्षा र कल्याणको बारेमा चिन्तित कुनै व्यक्तिबाट कल *(रिपोर्ट)* प्राप्त गरेका हुनाले तपाईं हाम्रो ध्यानकर्षणमा पर्नुभएको हुन सक्छ।

त्यो कल कुनै छिमेकी, मित्रजन, परिवारका सदस्य वा तपाईंको बच्चालाई चिन्ने अन्य व्यक्तिबाट आएको हुन सक्छ।

कुनै बच्चाको बारेमा आफ्ना सरोकारहरू राख्न जो कोहीले पनि हामीलाई कल गर्न सक्छन्। चिकित्सक, शिक्षक र बाल स्याहारकर्मीहरू लगायत केही व्यक्तिहरूले कानुनी रूपमै सन्दिग्ध बाल दुर्व्यवहार वा उपेक्षाको बारेमा हामीलाई बताउनै पर्दछ *(अनिवार्य हुन्छ)*।

**हाम्रो बाल संरक्षण लाइनमा कलको लगभग 70% कल कानुनी रूपमै बाध्य उजुरीकर्ताहरूबाट आउने गर्दछ।**

## तपाईंले मेरो परिवारको बारेमा पाउनुभएको रिपोर्टको बारेमा के गर्नुभयो ?

हामीले कानुनी रूपमा प्राप्त गरेका सबै रिपोर्टहरूको समीक्षा गर्नैपर्ने हुन्छ। तपाईंको रिपोर्टको बारेमा के भयो, यहाँ हेर्नुहोस्।

**निरीक्षकले:**

1. यसको समीक्षा गर्नुभयो।
2. उहाँले तपाईंको बच्चाको उमेर र उठाइएको सरोकारको प्रकृति जस्ता कुराहरू हेर्नुभयो।
3. भर्मोन्ट कानुन तथा FSD नीतिका आधारमा - प्रतिक्रिया *(हस्तक्षेप)* आवश्यक रहेको कुरा निक्यौंल गरियो।
4. उपयुक्त हस्तक्षेप चयन गरियो: मूल्याङ्कन वा अनुसन्धान। *केही अवस्थाहरूमा, कानुनअनुसार हामीले अनुसन्धान गर्नै पर्ने हुन्छ। यसमा कुनै वयस्क व्यक्तिले बच्चामाथि यौन दुर्व्यवहार गरेका सबै दाबीहरू पर्दछन्।*
5. तपाईंको केसको लागि एक जना कर्मचारीलाई नियुक्त गरियो।

**हाम्रो मुख्य लक्ष्य भनेको तपाईंको बच्चा सुरक्षित रहुन् र उनीहरूलाई राम्रो हेरचाह पुगोस् भन्ने कुरा सुनिश्चित गर्नु हो।**

**तपाईंसँग तपाईंको बालबालिकालाई सुरक्षित राख्न र प्रभावकारी ढङ्गले पालनपोषण गर्न चाहिने सबै कुरा छ भनी सुनिश्चित गर्न हामी तपाईंसँग सहकार्य गर्न चाहन्छौं।**

**तपाईं सहयोग र समर्थन पाउन योग्य हुनुहुन्छ!**

**छनोट गरिएको हस्तक्षेपकारी कार्यक्रम सामान्यतया 72 घण्टाभित्र सुरू हुन्छ। यो सामान्यतया तपाईंले आफ्नो परिवारसँग हाम्रो संलग्नताको बारेमा थाहा पाउने बेला हुन्छ।**

## हस्तक्षेपकारी कार्यक्रम कसरी सुरु हुन्छ ?

**अनुसन्धानको लागि:**

1. एक जना कर्मचारीले रिपोर्टको सम्बन्धमा बच्चासँग अन्तर्वार्ता लिने छन्। *हामी यो तपाईंलाई थाहै नदिई वा अनुमति बिना गर्न सक्ने छौं।*
2. अन्तर्वार्ताको समयमा शिक्षक वा स्कुलको नर्स जस्ता एक तटस्थ व्यक्ति उपस्थित हुनुहुने छ।
3. हामी पछि तपाईंलाई अन्तर्वार्ताको बारेमा बताउने छौं र सकेसम्म चाँडो रिपोर्ट गर्ने छौं।

**मूल्याङ्कनको लागि:**

1. एक जना कर्मचारीले उठाइएका सरोकारहरूका बारेमा छलफल गर्न तपाईंलाई सम्पर्क गर्ने छन्।
2. उक्त व्यक्तिले तपाईंको बच्चासँग कुरा गर्न तपाईंको अनुमति माग्न सक्छन्। यदि तपाईंले हुन्न भनेर भन्नुभयो भने हामी तपाईंको बच्चाको सुरक्षा सुनिश्चित गर्न कुनै अनुसन्धान आवश्यक पर्ने भनेर निर्णय गर्न सक्ने छौं।

**हाम्रो लक्ष्य भनेको तपाईंको परिवारलाई सुरक्षित रूपमा सँगै राख्नु र घर बाहिरको हेरचाह चाहिने अवस्था आउन नदिनु हो।**

## अब के हुन्छ ?

अनुसन्धान र मूल्याङ्कन, दुवैमा निम्न चरणहरू हुन सक्छन्।

1. **बाल सुरक्षाको मूल्याङ्कन गर्ने:**
   SDM® सुरक्षा मूल्याङ्कन सम्पन्न गरेर कर्मचारीले बच्चाको तात्कालिक सुरक्षाको मूल्याङ्कन गर्दछन् र त्यसपछि बच्चा सुरक्षित रहे-नरहेको, योजना सहित *सुरक्षित हुने वा असुरक्षित रहेको भनी निक्यौंल गर्दछन्।*
2. **पारिवारिक जोखिम मूल्याङ्कन गर्ने:**
   SDM® जोखिम मूल्याङ्कन प्रयोग गरेर कर्मचारीले हस्तक्षेपकारी कार्यक्रम बिना भविष्यमा हुने हानिको जोखिम मूल्याङ्कन गर्दछन् र त्यसपछि *न्यून, मध्यम, उच्च वा धेरै उच्चमध्ये जोखिमको कुनै तह निर्धारण गर्दछन्।*
3. **नतिजा निर्धारण गर्नुहोस्:**
   a. यदि जोखिम उच्च वा धेरै उच्च छ भने, हामी विद्यमान सेवाहरूको लागि केस खोल्ने छौं जसले तपाईंको परिवारलाई अझ सुदृढ बनाउन मद्दत गर्ने छ। यसमा परामर्श, अभिभावक कक्षा र सहायता समूह जस्ता कुराहरू पर्न सक्दछन्।
   b. यदि हामीले अनुसन्धान गर्‍यौं भने हामीले उचित व्यक्तिले दुर्व्यवहार/उपेक्षा भएको कुरामा विश्वास गर्ने या नगर्ने कुरा पनि निर्धारण गर्नुपर्दछ। यदि उत्तर 'हुन्छ' आयो भने:
      - प्रतिवेदन पुष्टि गरिन्छ र
      - पुष्टि गरिएको व्यक्तिको नाम भर्मोन्टको बाल संरक्षण रेजिस्ट्रीमा थपिन्छ

## के तपाईंले मेरो बच्चालाई मबाट छुटाउनुहुन्छ ?

उत्तर लगभग सधैँ नै 'होइन' हुन्छ। हामीले उनीहरूलाई सुरक्षित राख्ने योजनामा आमाबाबुसँग सहकार्य गरिरहँदा अधिकांश बच्चाहरू घरमै बस्छन्। यदि हामीलाई तपाईंको बच्चा सुरक्षित छन् भने नलागेमा, हामीले अदालतलाई उक्त स्थितिबारे समीक्षा गर्न अनुरोध गर्न सक्ने छौँ। त्यसपछि तपाईंको बच्चा घरमा सुरक्षित छन् कि छैनन् भनेर न्यायाधीशले निर्णय गर्ने छन्।

## के हामीले केस योजना बनाउने छौँ ?

यदि हामीले विद्यमान सेवाहरूको लागि केस खोल्यौँ वा न्यायाधीशले घर बाहिरको हेरचाह आवश्यक रहेको फैसला गरेमा तपाईंको लागि एक जना कर्मचारी नियुक्त गरिनेछ जसले तपाईंसँग मिलेर केस योजना बनाउने छन्।

यसमा निम्न कुराहरूको व्यवस्था गर्न सकिने छ:

- तपाईंले आफ्नो परिवारलाई सुदृढ बनाउनका लागि प्राप्त गर्नुहुने सेवाहरू (उदाहरणका लागि परामर्श, अभिभावक कक्षा र सहायता समूहहरू)।
- तपाईंले आफ्नो बच्चालाई घर ल्याउन के गर्नुपर्छ। यसमा निम्न कुराहरू पर्न सक्छन्:
  - ☐ लागूऔषध दुर्व्यसनको उपचार पूरा गर्ने
  - ☐ सुरक्षित आवास कायम गर्ने
  - ☐ तपाईंले आफ्नो बच्चालाई खानको लागि पर्याप्त खाना, लगाउने लुगा र अन्य आधारभूत आवश्यकताहरू पूर्ति गर्न सक्नुहुन्छ भन्ने देखाउने

**तपाईंको केस योजना रोडम्याप जस्तै हो। यसले तपाईंको बच्चालाई सुरक्षा, स्थायित्व र सुस्वास्थ्य प्रदान गर्न तपाईंले गर्नुपर्ने परिवर्तनहरू देखाउँछ।**

## मैले कहाँबाट सहयोग पाउन सक्छु ?

तपाईंको कर्मचारीले तपाईंलाई तपाईंको परिवारलाई मद्दत गर्न सहयोग गर्ने कार्यक्रमहरूसँग जोड्न सक्दछन्। तपाईं आफैँले पनि मद्दत खोज्न सक्नुहुन्छ। सुरु गर्नका लागि राम्रो ठाउँ DCF को वेबसाइट हो।

- *dcf.vermont.gov/benefits* मा गएर DCF लाभ कार्यक्रम अनलाइन हेर्नुहोस्।
- *dcf.vermont.gov/resources* मा गई अनलाइन शीर्षकका आधारमा (जस्तै शिक्षा, स्वास्थ्य, कानूनी र पालनपोषण) स्रोतहरू हेर्नुहोस्।
- *dcf.vermont.gov/resources-audience* मा गई अनलाइनमा श्रोताहरू (पाठक) का आधारमा (जस्तै अभिभावक र आफन्तहरू) स्रोतहरू हेर्नुहोस्।

## मैले थप जानकारी कहाँबाट पाउन सक्छु ?

हाम्रो वेबसाइट हेर्नुहोस्:

- हाम्रा कार्यहरू गर्दा पालना गरिने कानुन, नीति र नियमहरूबारे जान्नुहोस्: *dcf.vermont.gov/fsd/laws-rules*
- हाम्रो प्रकाशनहरूका प्रतिलिपि प्राप्त गर्नुहोस्: *dcf.vermont.gov/fsd/publications*
- सम्पर्क विवरण प्राप्त गर्नुहोस्: *dcf.vermont.gov/fsd/contact-us*

**हाम्रो काम भनेको बच्चाहरू सुरक्षित छन् र उनीहरूका आधारभूत आवश्यकताहरू पूरा हुन्छन् भन्ने कुराको सुनिश्चित गर्नु हो।**

## डिस्ट्रिक्ट कार्यालयहरू

**बार (Barre):** (802) 479-4260

**बेनिङ्टन (Bennington):** (802) 442-8138

**ब्याटलबरो (Brattleboro):** (802) 257-2888

**बर्लिङ्टन (Burlington):** (802) 863-7370

**हार्टफोर्ड (Hartford):** (802) 295-8840

**मिडलबरी (Middlebury):** (802) 388-4660

**मोरिसभिल (Morrisville):** (802) 888-4576

**न्युपोर्ट (Newport):** (802) 334-6723

**रटल्यान्ड (Rutland):** (802) 786-5817

**स्प्रिङफिल्ड (Springfield):** (802) 289-0648

**सेन्ट अल्बान्स (St. Albans):** (802) 527-7741

**सेन्ट जोन्स्बेरी (St. Johnsbury):** (802) 748-8374

**तपाईंसँग निम्न अधिकारहरू हुन्छन्:**

- **नि:शुल्क दोभाषे सेवाहरू प्राप्त गर्ने, यदि तपाईं वा तपाईंको बच्चाको अङ्ग्रेजी सीमित भएमा।**
- **उचित समायोजन (विशेष व्यवस्था) यदि तपाईं वा तपाईंको बच्चामा कुनै अशक्तता छ भने।**

**यदि तपाईंलाई यी सेवाहरू वा समायोजनहरू आवश्यक छन् भने कृपया हामीलाई थाहा दिनुहोस्।**

3/18 • 15,000






# बाल सुरक्षा हस्तक्षेपकारी कार्यक्रम सम्बन्धी

## *अभिभावकलाई मार्गदर्शन*

VERMONT

डिपार्टमेन्ट फर चिल्ड्रेन एण्ड फ्यामिलिज (बालबालिका तथा परिवार विभाग)
फ्यामिली सर्भिसेज डिभिजन (पारिवारिक सेवा महाशाखा)